# सन्दकपुर गाउँपालिका

# सन्दकपुर गाउँपालिकाको राजपत्र

**सन्दकपुर गाउँपालिका,**

सन्दकपुर गाउँपालिका गाउँ कार्यपालिकावाट पारित उल्लेखित **"घर निर्माण तथा मर्मत कार्य गर्ने मजदुर कल्याण कोष सञ्चालन कार्यविधि, २०७६"** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७६।१२।२**
**प्रमाणीकरण मिति : २०७६।१२।२**

**घर निर्माण तथा मर्मत कार्य गर्ने मजदुर कल्याण कोष सञ्चालन कार्यविधि, २०७६**

**प्रस्तावना :**

सन्दकपुर गाउँपालिका क्षेत्रभित्र घर भवन निर्माण तथा मर्मत सम्भारमा संलग्न रहने मजदुरहरुको कल्याणको लागि सन्दकपुर गाउँपालिकाको गाउँसभाबाट स्वीकृत नीति तथा कार्यक्रमलाई व्यवस्थित ढङ्गवाट मजदुर कल्याण कोष खडा गरी सञ्चालन गरी मजदुर र घरधनीको हितमा काम गर्न आवश्यक भएकोले यो कार्यविधि सन्दकपुर गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०७६।७५ गतेको बैठकबाट स्वीकृत गरी जारी गरीएको छ ।

## परिच्छेद-१
## नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "घर निर्माण तथा मर्मत कार्य गर्ने मजदुर कल्याण कोष सञ्चालन कार्यविधि, २०७६" रहेको छ ।
(२) यो कार्यविधि सन्दपुर गाउँ कार्यपालिकाले स्वीकृत गरी प्रमाणीकरण भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) **"अध्यक्ष"** भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष भन्ने सम्झनु पर्छ ।
(ख) **"उपाध्यक्ष"** भन्नाले गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।
(ग) **"कार्यपालिका"** भन्नाले संविधानको धारा २१६ बमोजिम गठित गाउँ कार्यपालिका सम्झनु पर्छ ।
(घ) **"गाउँसभा"** भन्नाले संविधानको धारा २२२ वमोजिम गठन भएको गाउँ सभालाई सम्झनु पर्छ ।
(ङ) **"वडा अध्यक्ष"** भन्नाले गाउँपालिकाको वडा अध्यक्ष सम्झनु पर्छ ।
(च) **"सदस्य"** भन्नाले सन्दकपुर गाउँपालिकाको वडा सदस्य सम्झनु पर्छ ।
(छ) **"गाउँपालिका"** भन्नाले सन्दकपु गाउँपालिकालाई सम्झनु पर्छ ।
(ज) **"वडा समिति"** भन्नाले सन्दकपुर गाउँपालिको वडा समिति सम्झनु पर्छ ।
(झ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सन्दकपुर गाउँपालिकाको प्रशासन प्रमुखलाई सम्झनु पर्छ ।
(ञ) **"इन्जिनियर"** भन्नाले सन्दकपुर गाउँपालिकाको प्रमुख इन्जिनियरलाई सम्झनु पर्छ ।
(ट) **"लेखा अधिकृत"** भन्नाले सन्दकपुर गाउँपालिकाको लेखा सञ्चालन गर्ने लेखा अधिकृतलाई सम्झनु पर्छ ।
(ठ) **"मजदुर"** भन्नाले सन्दकपुर गाउँपालिका क्षेत्रभित्र सन्दकपुर गाउँपालिकाबाट स्वीकृति प्राप्त गरी निर्माण तथा मर्मत गरीरहेको कार्यमा संलग्न डकर्मी, सिकर्मी, प्लम्बर, पेन्टर, वाइल्डर लगायत साधारण लेवरलाई सम्झनु पर्दछ ।
(ड) **"घरधनी"** भन्नाले सन्दकपुर गाउँपालिका क्षेत्रभित्र सन्दकपुर गाउँपालिकाबाट स्वीकृति प्राप्त गरी कल्याण कोष गाउँपालिकामा बुझाई घर निर्माणतथा मर्मत संभार गराई रहेको घरधनीलाई सम्झनु पर्छ ।
(ढ) **"संचालक समिति"** भन्नाले मजदुर कल्याण कोष सञ्चालन गर्ने समितिलाई सम्झनु पर्छ ।
(ण) **"ठेकेदार"** भन्नाले सन्दकपुर गाउँपालिका क्षेत्रभित्र सन्दकपुर गाउँपालिकावाट निर्माण तथा मर्मत गर्न स्वीकृति प्राप्त भएको घरमा निर्माण कार्यमा संलग्न भएको निर्माण व्यवसायीलाई सम्झनु पर्छ ।

## परिच्छेद-२
## कोषको नाम स्थापना र सञ्चालन

३. सन्दकपुर गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाको स्वीकृति प्राप्त गरेको घर वा यस्तै प्रकृतिका भौतिक संरचनाको निर्माण तथा मर्मत कार्यमा संलग्न मजदुरहरुको कल्याणको लागी एउटा कोष गाउँपालिकाले स्थापना गर्नेछ ।

४. कोषको नाम "मजदुर कल्याण कोष" रहनेछ ।

५. कोषमा सन्दकपुर गाउँपालिका क्षेत्रभित्र सन्दकपुर गाउँपालिकावाट स्वीकृत लिई घर निर्माण तथा मर्मत गर्ने घरधनीले निर्माण अवधिको लागि बुझाएको रकम जम्मा गरिनेछ ।

६. घर निर्माण तथा मर्मत गर्दा स्वीकृति प्राप्त अवधिमा कार्य समाप्त नभई म्याद थप गर्नु परेमा न्यूनतम १ वर्षको कल्याण कोषको रकम घरधनीले सन्दकपुर गाउँपालिकामा बुझाउनु पर्नेछ ।

७. कल्याण कोषको लागि घरधनीले बुझाउनु पर्ने रकम सन्दकपुर गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

८. "मजदुर कल्याण कोष" को बैंक खाता सञ्चालन गर्न वाणिज्य बैंकमा छुट्टै खाता खोली प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतबाट सञ्चालन गरिनेछ ।

९. "मजदुर कल्याण कोष"संचालन गर्न देहाय बमोजिमको एउटा छुट्टै सञ्चालक समिति गठन हुनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) वडा अध्यक्ष तथा कार्यपालिका सदस्य मध्येवाट प्रमुखले तोकेको एक महिला सहित २ जना –सदस्य

(ग) लेखा अधिकृत -सदस्य

(घ) इन्जिनियर - सदस्य सचिव

१०. सन्दकपुर गाउँपालिका क्षेत्रभित्र सन्दकपुर गाउँपालिकावाट स्वीकृति लिई निर्माण तथा मर्मत कार्यमा संलग्न मजदुरहरु स्वीकृति प्राप्त कार्यमा संलग्न भईरहेको अवस्थामा दुर्घटना परी घाइते भएमा उपचार खर्च र मृत्यु भएमा निजको परिवारलाई कल्याण कोषबाट राहत रकम उपलब्ध गराइने छ ।

११. दफा १० बमोजिम राहत रकम सन्दकपुर गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

१२. उपचार रकम उपलब्ध गराउदा प्रचलित कानुन बमोजिम मात्र दिइनेछ ।

१३. मजदुरको कामको सन्दर्भमा मृत्यु भएमा प्रहरी सर्जमिन, वडा समितिको सिफारिस र नाता प्रमाणित लगायतको प्रमाणको आधारमा ३५ दिनभित्र राहत उपलब्ध गराइनेछ ।

१४. दफा १२ र १३ बमोजिम रकम उपलब्ध गराउदा कल्याण कोष संचालक समितिले निर्णय गरेपछि मात्र उपलब्ध गराइनेछ ।

१५. संचालक समितिले आवश्यकता र अवस्था हेरी मजदुर कल्याणको अन्य कामहरु गर्न सक्नेछ ।

१६. कल्याण कोषमा रकम अभाव भएमा सञ्चालक समितिले गाउँपालिका वा अन्य कार्यालय वा संघ संस्थाबाट ऋण वा सापटी लिन सक्नेछ ।

## परिच्छेद-३

## निर्माण व्यवसायी दर्ता,नवीकरण,अनुमति

१७. सन्दकपुर गाउँपालिका क्षेत्रभित्र घर निर्माण तथा मर्मत कार्य गर्न निर्माण व्यवसायीले अनिवार्य रुपमा पेशा व्यवसाय दर्ता गर्नु पर्नेछ ।

१८. घर निर्माण तथा मर्मत क्षेत्रमा तालिम प्राप्त गरेको, निर्माण कार्यमा अनुभव हासिल गरेको, वडा समितिको सिफारीस भएको निर्माण व्यवसायीलाई व्यवसाय दर्ता गर्न अनुमति दिइनेछ ।

१९. व्यवसायीले बार्षिक रुपमा व्यवसाय नवीकरण गर्नुपर्नेछ ।

२०. सन्दकपुर गाउँपालिकाको स्वीकृति लिई गाउँपालिका क्षेत्रभित्र निर्माण तथा मर्मत हुने घरमा कार्य गर्न गराउन सन्दकपुर गाउँपालिकामा व्यवसाय दर्ता गरेका निर्माण व्यवसायीलाई मात्र अनुमति दिइनेछ ।

२१. व्यवसाय दर्ता नगराई निर्माण तथा मर्मत कार्य गर्ने व्यवसायीको कामको सन्दर्भमा भएको दुर्घटनाबाट हुने जोखिममा राहत रकम सन्दकपुर गाउँपालिकाले उपलब्ध गराउने छैन ।

२२. दफा २१ बमोजिम सन्दकपुर गाउँपालिकाले उपचार तथा राहत रकम उपलब्ध गराउन नसक्ने अवस्थामा सन्दकपुर गाउँपालिकाले निर्णय गरे बमोजिमको उपचार तथा राहत रकम घरधनी र निर्माण व्यवसायीले आधा आधा रकम सम्बन्धित व्यक्तिलाई बुझाउनु पर्नेछ ।

## परिच्छेद-४

## विविध

२३. नक्सापास अनुमति विना घरधनी तथा निर्माण व्यवसायीले घर निर्माण तथा मर्मत गर्नु हुदैन ।

२४. दफा २३ विपरीत कार्य गरे गराए प्रचलित कानुन बमोजिम हुनेछ साथै निर्माण व्यवसायीको व्यवसाय इजाजत रद्ध गर्न सञ्चालक समितिले सिफारिस गरी सन्दकपुर गाउँ कार्यपालिकाले इजाजत रद्ध गर्न सक्नेछ ।

२५. यस कार्यविधिमा उल्लेख गरे बाहेकको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, प्रचलित संघीय तथा प्रदेश कानुन र सन्दकपुर गाउँपालिकाको निर्णय बमोजिम हुनेछ ।

आज्ञाले,
महेश राई
प्रमुख प्रशासकीय अधिकृत